# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०६।१८ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

महानगरीय प्रहरी प्रभाग, सानोठीमी, भक्तपुरमा कार्यरत प्रहरी नायव निरीक्षक ज्योति विष्टको प्रत्यक्ष निर्देशन र संलग्नतमा सोही प्रहरी प्रभागमा कार्यरत प्रहरी सहायक निरीक्षक सुवास ढुङ्गाना र प्रहरी हवल्दार दीपक भारती समेतले आफ्नो वडा एरियावाट बालुवा बेचविखन गर्दा धरपकड नगर्ने शर्तमा व्यवसायीसँग रु.४५,०००।-(पैतालीस हजार) घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले सुवास ढुङ्गानाले रकम बुझी लिइ बाँडफाँड गरी दीपक भारतीलाई रु.५,०००।-(पाँच हजार) दिइ सकेको अवस्थामा र ज्योति विष्टको लागि रु.२५,०००।-(पच्चीस हजार) छुट्याइ राखेको अवस्थामा उक्त रकम सहित निज राष्ट्रसेवकहरुलाई नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निज राष्ट्रसेवहरुले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा(१) बमोजिम कसुर गरेको देखिन आएकोले प्रहरी नायव निरीक्षक ज्योति विष्ट र प्रहरी सहायक निरीक्षक सुवास ढुङ्गानालाई बिगो रु.४०,०००।-(चालीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) बमोजिम तथा प्रहरी हवल्दार दीपक भारतीलाई बिगो रु.५,०००।- (पाँच हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(मदन कोइराला)
उपसचिव एवं सहायक प्रवक्ता